**बैठक संख्याः २०८२/८३-३**

आज मिति २०८२ भाद्र १८ गते बुधवारका दिन विहान ८ बजे सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुमकोट, रुकुम (पूर्वी भाग) मा सिस्ने गाउँ कार्यपालिकाका अध्यक्ष श्री कृष्ण रेग्मी ज्यूको अध्यक्षतामा बसेको सिस्ने गाउँ कार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा देहायका विषयहरुमा आवश्यक छलफल गरी निर्णयहरु पारित गरियो ।

***तपसिलः***

| | |
|---|---|
| श्री कृष्ण रेग्मी | अध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| श्री गोपाल रेउले | उपाध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| श्री डिल्ली खड्का | सचिव, सिस्ने गाउँ कार्यपालिका |
| श्री रज बहादुर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री कृष्ण बहादुर खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री हेराम खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री दलराज घर्ति | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री बिरेन्द्र बस्नेत | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री पूर्ण बहादुर मल्ल | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री शशिधर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री गोपाल पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री सूर्य बहादुर नेपाली | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री थल बहादुर सार्की | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री तिर्था पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री सुपरी बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री मीना के.सी. | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री धन कुमारी बुढा खत्री | सदस्य, सिस्ने गाउँ कार्यपालिका |

***अन्य उपस्थितिः***

श्री अरुण कुमार ओली प्रशासन शाखा प्रमुख

# सिस्ने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**Google plus –JJ8H+R22 RUKUMKOT**

**रुकुमकोट, रुकुम (पूर्वी भाग)**

**लुम्बिनी प्रदेश, नेपाल**

प.स. २०८२।८३
च.न.

**मिति २०८२/०५/१८ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्वारा प्रस्तवित एजेण्डा :**

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा।
२. गापा तथा वडा कार्यालयको दैनिक सेवा प्रवाह समिक्षा सम्बन्धमा ।
३. लोक सेवा आयोगमा कर्मचारी माग सम्बन्धमा ।
४. ढुंगा गिट्टि बालुवा उत्खनन् ठेक्का आवहान सम्बन्धमा ।
५. भु-उपयोग वर्गिकरण विवरण राजपत्रमा प्रकाशन गर्ने सम्बन्धमा ।
६. योजना संचालन सम्बन्धी कार्यतालिका सम्बन्धमा ।
७. कृषि-पशु प्राविधिक कर्मचारिलाई फिल्ड खटाउने सम्बन्धमा ।
८. विविध ।

**प्रस्ताव नं १ अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।**

**निर्णय नं १:**

यस अघि मिति २०८२/०४/३० गते बसेको गाउँ कार्यपालिकाको दोस्रो बैठकका पारित निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्बन्धमा ब्यापक छलफल गरि समिक्षा गरियो।

**प्रस्ताव नं २ गापा तथा वडा कार्यालयको दैनिक सेवा प्रवाह समिक्षा सम्बन्धमा ।**

**निर्णय नं २:**

सिस्ने गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयबाट भइरहेको दैनिक सेवा प्रवाह एवं नागरिक संतुष्टिका विषयमा यस कार्यपालिकाको बैठकमा समिक्षा गरियो । हाल सम्म देखिएका समस्याहरुलाई सुधार गरि अझ बढि चुस्त दुरुस्त र नागरिकमैत्र बनाउन प्रयत्न गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ३ लोक सेवा आयोगमा कर्मचारी माग सम्बन्धमा।**

**निर्णय नं ३:**

प्रदेश लोक सेवा आयोग कार्यालय लुम्बिनी प्रदेश बुटवलको मिति २०८२।०५।११ को प.स. २०८२/८३ च.नं १०२ अनुसार गाउँपालिकामा रिक्त पदहरुमा कर्मचारी पदपुर्तिका लागि माग गर्न भनी लेखि आएकोले सिस्ने गाउँपालिकामा रिक्त रहेका देहायका पदहरुको माग आकृति फारम भरी पठाउने निर्णय गरियो ।

| **सि.नं** | **पद** | **सेवा/समुह** | **तह** | **माग गर्ने संख्या** |
|---|---|---|---|---|
| १. | लेखा अधिकृत | स्थानीय प्रशासन/लेखा | सातौं | १ |
| २. | पशु विकास अधिकृत | स्थानीय कृषि सेवा/ला.पो एण्ड डे.डे. | सातौं | १ |
| ३. | कृषि अधिकृत | स्थानीय कृषि सेवा/कृषि प्रसार | सातौं | १ |
| ४. | प्रशासन सहायक | स्थानीय प्रशासन/सा.प्र. | पाँचौं | १ |
| ५. | लेखापाल | स्थानीय प्रशासन/लेखा | पाँचौं | १ |
| ६. | प्रशासन सहायक | स्थानीय प्रशासन/सा.प्र. | चौथो | २ |
| ७. | अ.सव इन्जिनियर | स्थानीय इन्जिनियरिङ/सिभिल | चौथो | ३ |
| ८. | ना.प.से.प्रा. | स्थानीय कृषि/ ला.पो एण्ड डे.डे. | चौथौ | १ |
| ९. | अ.न.मी. | स्थानीय स्वास्थ्य सेवा/प.हे.न. | चौथो | १ |

**प्रस्ताव नं ४ ढुंगा गिट्टि बालुवा उत्खनन् ठेक्का आवहान सम्बन्धमा ।**

**निर्णय नं ४:**

सिस्ने गाउँपालिका अन्तरगत विभिन्न खोला तथा घाटहरु बाट ढुङगा गिट्टि बालुवा संकलन तथा उत्खनन् गर्न गाउँपालिका द्धारा स्वीकृत IEE प्रतिबेदनमा उल्लेखित स्थानहरुमा तोकिए बमोजिमको परिमाण तथा मापदण्डमा उत्खनन् गर्ने गरी आन्तरिक आम्दानी ठेक्का आवहान प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं ५ भु-उपयोग वर्गिकरण विवरण राजपत्रमा प्रकाशन गर्ने सम्बन्धमा ।**

**निर्णय नं ५:**

भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको च न ४४२ मिति २०८१/१२/११ गतेको परिपत्र अनुसार भूउपयोग(दोस्रो संशोधन) नियमावली, २०८१ को नियम ५ को उपनियम (७) बमोजिम भूउपयोग क्षेत्र वर्गिकरण नभएका स्थानीय तहहरुले कृषियोग्य जग्गाको संरक्षण गर्न मिति २०८२ साल असार मसान्तसम्म चारकिल्ला खुलाइ कृषि क्षेत्र तोक्नुपर्ने एबं नियम १२ को उपनियम (४ख) बमोजिम मिति २०८२ साल असार मसान्तसम्म वर्गिकरण भएको क्षेत्रको भूउपयोग क्षेत्र नक्सा तथा विवरण अद्यावधिक गरि सक्नु पर्ने सन्दर्भमा यस सिस्ने गाउँपालिकाको भु-उपयोग क्षेत्र वर्गिकरण योजना परामर्शदाता मार्फत तयार भइ सकेकोले स्विकृत गरि स्थानीय राजपत्रमा प्रकाशित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ५ उपभोक्ता समितिबाट हुने योजनामा समिति गठन सम्बन्धमा ।**

**निर्णय नं ५:**

आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम अनुसार उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाहरु वडा समितिको रोहवरमा आगामी असोज १० गते सम्ममा समिति गठन कार्य सम्मन्न गर्ने निर्णय गरियो ।